# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं, असोज २७ गते, २०७१ साल (संख्या २२

## भाग ५

### नेपाल सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालय र आसपासका सर्वसाधारण स्थानीय जनताको जग्गा अधिग्रहण र मुआब्जा वितरण सम्बन्धमा विगत लामो समयदेखि रहने गरेको असन्तुष्टी र सरोकार वालाहरुको निवेदन समेतलाई विचार गर्दै समस्या निराकरण गर्ने सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको जाँचबुझ आयोग (यसपछि "आयोग" भनिएको) गठन गरी उक्त आयोगको काम, कर्तव्य र अधिकार तथा कार्यावधि तोकेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **आयोगको गठन** : आयोगको गठन देहाय बमोजिम हुनेछ :-

(क) पुनरावेदन अदालतका पूर्व न्यायाधीश श्री ठाकुर प्रसाद शर्मा - अध्यक्ष

(ख) क्षेत्रीय निर्देशक, सुदुर पश्चिमाञ्चल क्षेत्रीय वन निर्देशनालय - सदस्य

(ग) प्रमुख संरक्षण अधिकृत, शुक्लाफाँटा वन्यजन्तु आरक्ष कार्यालय, कञ्चनपुर - सदस्य सचिव

२. आयोगको काम, कर्तव्य र अधिकार : आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) शुक्लाफाँटा वन्यजन्तु आरक्ष पीडितको सम्बन्धमा विगतमा आयोग तथा समितिहरु गठन भई समस्या समाधानको प्रयास भएको र यस क्रममा मिति २०६५।१०।०२ मा गठन भएको समितिले २,४७३ परिवारलाई व्यवस्थापन गर्न बाँकी देखाएको सन्दर्भमा सो समिति तथा त्यसभन्दा पछाडि गठन भएका आयोग तथा समितिले गरेका कामको समेत प्रमाण बुझी व्यवस्थापन गर्नुपर्ने भनी औल्याएका उक्त २,४७३ घर परिवार आरक्षको विस्तार हुनु पूर्व देखि नै आरक्ष क्षेत्रभित्र बसोबास गर्दै आएका हुन् वा होइनन् अथवा वास्तविक आरक्ष पीडित हुन् वा होइनन् भन्ने विषयमा अध्ययन गरी वास्तविक व्यवस्थापन गर्नु पर्ने परिवारको सङ्ख्या यकिन गर्ने ।

(ख) खण्ड (क) बमोजिम व्यवस्थापन गर्नु पर्ने भनी यकिन भएका परिवारको समस्या समाधानका लागि उपलब्ध गराउन सकिने जग्गाको भौगोलिक अवस्था, सडकसँगको सामिप्यता तथा प्रचलित मूल्य तथा अन्य सम्बद्ध विषयहरुको आधारमा प्रति परिवार २ देखि ५ कट्ठामा नबढ्ने गरी उपलव्ध गराउन सकिने जग्गाको यकिन गर्ने । यसरी उपलब्ध गराउन सकिने जग्गाको यकिन गर्दा यस पूर्वका समिति तथा आयोगहरुले वितरण गरी बाँकी रहेको देहायका स्थानहरुको जग्गाहरुलाई पहिलो प्राथमिकता दिने :



२६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

| सि.न. | स्थान | मौज्दात विगाहा/जग्गा |
|---|---|---|
| १. | ढक्का लक, बेलडाँडी गाउँ विकास समिति | २९-१-९ |
| २. | सिमलफाँटा, झलारी गाउँ विकास समिति | ३५-१०-० |
| ३. | बुटावारी, लक्ष्मीपुर/कालिका गाउँ विकास समिति | ५-१९-०६ |
| ४. | वागफाँटा, सुडा गाउँ विकास समिति | ९-१०-० |
| ५. | पिपरैया | ०-४-१६ |
| ६. | सुन्दरपुर, वन्दरपुर | ४-१-३ |
| | जम्मा | ८४-१६-१७ |

(ग) खण्ड (ख) मा उल्लिखित जग्गा मध्येबाट समेत नपुग हुने भएमा हैसियत बिग्रिएको वन क्षेत्र पहिचान गरी यकिन गर्ने ।

(घ) खण्ड (ख) र (ग) बमोजिम उपलब्ध गराउन आवश्यक पर्ने जग्गा नेपाल सरकारबाट निकासा लिई सम्बन्धित परिवारलाई वितरण गर्ने ।

३. आयोगको कार्यावधि : सामान्यत: देहाय बमोजिमको कार्य तालिका अनुसार कार्य सम्पादन गर्नु पर्नेछ। आयोगको कार्यावधि देहाय बमोजिम ६ महिनाको हुनेछ ।

(क) विगतका आयोग तथा समितिहरुको प्रतिवेदन अध्ययन गरी थप छानविन एवं जाँचबुझ गरी व्यवस्थापन गर्नु पर्ने परिवारको यकिन गर्ने कार्य २ महिना ।

(ख) जग्गाको खोजी र नेपाल सरकारबाट निकासा गर्ने कार्य १ महिना ।

(ग) जग्गा सिमाङ्कन ,नक्साङ्कन र वितरण गर्ने कार्य ३ महिना ।

आज्ञाले,
शरदचन्द्र पौडेल
नेपाल सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।